# नेपाली कवितामा प्रयुक्त पर्यावरणीय सङ्कट र विस्थापनको समस्या

*गीता थपलिया त्रिपाठी**


## लेखसार

*प्रकृति जीवनको आधार हो । प्रकृतिले दिने आनन्द आजको वैज्ञानिक विश्वमा एकादेशको कथा बन्दै गएको छ । पहिले प्रकृति र मानिसबिच दोहोरो जिम्मेवारी थियो भने अहिले मानिसले प्रकृतिलाई हेर्ने दृष्टि उपभोक्तामुखी भएकाले प्रकृति एकोहोरो दोहनमा परेको छ र संरक्षणविहीनताले विनाश हुँदै गएको छ । नेपाली कवितामा प्रयुक्त पर्यावरणीय सङ्कट वर्तमान विश्वले भोगेको सबैभन्दा ठूलो समस्या हो । मूलतः सन् १९९६ बाट साहित्य समालोचनाको एउटा विषयका रूपमा चेरिल ग्लोटफेल्टीले सैद्धान्तीकरण गरेको यस विषयमा पूर्व पश्चिम दुवैतिर साहित्य सिर्जना भने साहित्य लेखनको आरम्भदेखि नै भएको देखिन्छ । नेपाली साहित्यमा पर्यावरणीय अध्ययनको आरम्भ भएको एक दशक मात्र भएको छ । यसबिचमा पर्यावरणीय समस्याका विविध स्वरूप देखिएका छन् र कवितामा यसको प्रभावकारी स्वर प्रकट भइरहेको छ । व्यवहारिक रूपमा पर्यावरणीय चेतना विस्तार गर्नका लागि कवितामार्फत् गरिने मार्मिक अभिव्यक्तिको महत्त्व बेग्लै छ । पछिल्लो दशकका नेपाली कविताले पर्यावरण विनाशका सन्दर्भमा विस्थापन तथा परिचयको सङ्कटलाई के कसरी प्रतिध्वनित गरेको छ भन्ने विषयको केन्द्रीय कथ्यमा आधारित भएर यो शोधलेख तयार पारिएको छ र यस अध्ययनबाट नेपाली कवितामा विस्थापन एउटा गम्भीर पर्यावरणीय समस्याका रूपमा प्रकट भएको निष्कर्ष निकालिएको छ ।*


**प्रमुख शव्दावली :** अन्त्यको त्रासदी, असन्तुलन, आदिवासी, खेत, ग्राम्यता, जल, जमिन, जमिनदार, तापमान, दोहन, पहिरो, पारिस्थितिकी, पर्यावरण, पर्यावरणमैत्री, प्रकृति, प्रदूषण, वासस्थान, बाढी, भूमण्डलीकरण, विस्थापन सङ्कट,सहरीकरण, स्वच्छता, हिउँ

## विषय प्रवेश

विस्थापनको अर्थ स्थापित स्थानीय परिवेशबाट बसोबास उठ्नु भन्ने हुन्छ । सामान्यतया मानिस तथा पशुप्राणीहरू आफ्नो जन्मस्थान र आवास क्षेत्र छोडेर अर्कै नयाँ ठाउँमा जानका निम्ति बाध्य पारिने अवस्थालाई पर्यावरण सङ्कटसँग जोडेर हेरिन्छ । यो समस्या मूलतः जमिनको समस्या हो । जमिनमाथिको राजनीतिका अनेक स्वरूपले विस्थापन एउटा समस्याको रूपमा देखिएको छ । विस्थापन केवल एउटा घटनाबाट मुक्ति पाउने उपाय मात्र होइन, यो त जीवनभर नयाँ नयाँ समस्याका कारण बल्झिरहने सांस्कृतिक र

* श्री त्रिपाठी रत्नराज्यलक्ष्मी क्याम्पसमा नेपाली विषयका उपप्राध्यापक हुनुहुन्छ ।

मनोवैज्ञानिक समस्याको आरम्भ पनि हो। विस्थापनको अर्थगत क्षेत्र विस्तृत छ। पलायनका स्वरूप अनुसार विस्थापनको परिभाषा पनि सापेक्षित बन्दै जान्छ । विदेश पलायनका कारणमाथि केन्द्रित भएर परिभाषा गर्दा कुनै दोस्रो देशमा एक वर्ष भन्दा बढी समय स्वेच्छापूर्वक वा कुनै दबाबका कारण स्थायी वा अस्थायी तरिकाले जीवन बिताइरहेकालाई विस्थापित भनिएको पाइन्छ (पी.एस., सन् २०१२, पृ. २७२) ।

नेपालमा स्वेच्छाले भन्दा दबाब वा बाध्यतामा परी एक ठाउँबाट अर्को ठाउँ वा एक देशबाट अर्को देशमा विस्थापन हुनेको सङ्ख्या अधिक देखिन्छ। जो स्वेच्छाले विस्थापित भएका हुन्छन्, तिनले नयाँ परिवेशमा पनि स्थायित्वका निम्ति सकारात्मक सहभागिता देखाइरहेका हुन्छन् तर दबावमा परेर विस्थापित भएका मानिसहरूको जीवन ज्यादै कष्टकर बन्दै गएको पाइन्छ। मूलतः यस्तो विस्थापनमा प्राकृतिक प्रकोप, राजनीतिक दमन, वर्गीय शोषण-दमन, अणु-परमाणु परीक्षणको खेल, अनियोजित विकास योजना आदिका कारण स्वाभाविक सामाजिक जीवनबाट पलायन हुने र शरणार्थी जीवनको पीडादायी अवस्थामा पुग्नेहरू पर्दछन् । आफ्नो देशको माटोसँग बाध्यता र दबाबले अलग भएका जनताको मानसिकता अत्यन्त कमजोर हुँदै जान्छ। यसले गर्दा आफ्नो आदिभूमिमा फर्किने चाहनाले तिनका हृदयमा छटपटी दिइरहन्छ। सदैव स्मृतिदंशले पिरोलिएका तिनको गतिहीन जीवन एक हिसाबले अन्त्यको त्रासदीमा बेरिरहेको हुन्छ । भूमिहीनताले ल्याउने दीर्घकालीन समस्याले यी विस्थापितका जीवनमा सदैव त्रास र हीनताबोध रहिरहन्छ भने ती प्रकृतिको सबैभन्दा नजिक भएर पनि अप्राकृतिक जीवन बाँच्न विवश भएका हुन्छन् । अन्तर्राष्ट्रिय स्तरको विस्थापन आजको प्रमुख समस्या हो ।

यस विश्वव्यापी समस्याको कारणमा आर्थिक दुर्बलता मुख्य रहेको छ । शिक्षित वेराजगारी समस्या र भूमिहीन अशिक्षित जनसमुदायको निम्न आय, गरिबीका आधारमा हुने सामाजिक शोषणजस्ता स्थितिबाट मुक्ति पाउनका लागि नेपालबाट बर्सेनी लाखौंको सङ्ख्यामा युवा, युवती, आमा र बुबाहरू विदेश पलायन भएका छन् । परिवार र आफ्नै जीवनको बाँकी हिस्सालाई सुखी बनाउने सपना बोकेर रोजगारीका लागि बिरानो मुलुकमा काम गर्न जानेहरू आफ्नो चीर परिचित परिवेशबाट अलग्गिनु पर्दा निकै कठिनाइ भोगिरहेका हुन्छन् । जुन दिन आर्थिक रूपले समर्थ भइन्छ, त्यसपछि आफ्नै देश फर्किने सपना बोकेकाहरूको वियोगमा आफ्नै देशको प्रकृति परिवेश भने संरक्षणविहिन भइरहेको तिनलाई आफ्नो सक्रिय उमेरभरि याद पनि हुँदैन। विभिन्न ठाउँमा विस्थापित भएकाहरूको कथा विस्थापनका मुद्दासँग जोडिएका खास विषय हुन् । अर्को एउटा विस्थापनको रूप आन्तरिक विस्थापन पनि हो । राष्ट्रभित्र विभिन्न वर्गीय स्वार्थका कारण हुने राजनीतिले यस्तो विस्थापन निम्त्याइरहेको हुन्छ। नेपालमा विभिन्न समयको राजनीतिक आन्दोलन र परिवर्तनका समयमा विस्थापनका समस्याहरू देखिएका थिए। राणा शासनकालमा जनजाति र आदिवासीका निम्ति गरिएको भौगोलिक सीमाङ्कन पनि एक प्रकारको विस्थापन नै

मानिएको छ। पञ्चायतकालमा तराईमा जङ्गल मासेर, वन्य जीवजन्तुको सिकार गरेर पहाडी मूलका मानिसहरूको बस्ती बसाइनु र २०६३ को गणतन्त्रको आन्दोलन र परिवर्तनपछि तराईबाट तिनीहरू लखेटिनुमा पनि विस्थापनको सांस्कृतिक मर्म लुकेको छ । यसरी हेर्दा विस्थापनका कारण अनेक हुनसक्छन् । यस अध्ययनमा तिनै विविध समस्यासँग सम्बद्ध नेपाली कविताहरूको छनोट गरी तिनमा अभिव्यक्त पर्यावरणीय सङ्कट र विस्थापनका स्वरूपको विश्लेषण गरिएको छ ।

## विस्थापन-सङ्कट चेतना र कविता विश्लेषणका आधार

स्थानीय प्रकृतिबाट अलग भएको अवस्था नै विस्थापन हो । यो अवस्था मानिस मात्रका प्रकृति विरोधी क्रियाकलापको प्रतिफलबाट सिर्जित समस्या भए तापनि पृथ्वीका सबै प्राणी यो समस्या भोग्न विवश छन् । यसमा आफैलाई मात्र श्रेष्ठ ठान्ने मानवको ध्वंसात्मक प्रवृत्तिको भूमिका रहेको हुँदा संरक्षणका निम्ति पनि मानिसकै चेतनाले परिणाम ल्याउँछ । प्रकृति र जीवनका सबै विषयसँग आत्मीय सम्बन्ध राख्ने साहित्य र समालोचना पर्यावरणीय रचना सन्दर्भ, परिवेश र यथार्थ स्थितिको जानकारीका लागि महत्त्वपूर्ण अन्तर्विषयक अध्ययन हो । प्रकृतिको वर्णन नभएर क्षतिग्रस्त प्रकृति र प्रदूषित पर्यावरणको संरक्षण विषयको अध्ययन हुने हुँदा यसमा विस्थापन समस्याको अन्त्यको चेतना रहेको हुन्छ (सुब्बा, सन् २००९, पृ. ९६) । आजको बाक्लो बस्ती र विकास निर्माणले भरिएको आधुनिक जीवन परिवेश विगतमा जङ्गल, पहाड, मैदानको रमाइलो भूदृश्य रहेको थियो । विस्तारै गाउँ र सहर हुँदै विकसित भएको सभ्यताबाट जसरी एकाएक हरियाली समाप्त हुँदै गयो, त्यसरी नै मानिस र मानवेतर जीवका समेत स्थानीय परिवेश र परिचय समाप्त हुँदै छन् । वनविनाशसँगै अविकसित देशका जैविक विविधताको जिनबैंक पनि विनाश भइरहेको छ । अमेरिकाले संसारभरका जैविक जिनको भण्डार गरी सबैभन्दा ठुलो जैवबैंकमार्फत संसारभर आफ्नो प्रभुत्व जमाइसकेको छ (वनजा, सन् २०११, पृ. २६) । यसले स्थानीय पर्यावरणमा ठुलो विनाश र विस्थापनको स्थिति सिर्जना गरेको छ । भूमण्डलीकरण उपनिवेशवादको पछिल्लो नयाँ रूप हो । यो समकालीन पुँजीवादको अर्को नाम हो (गिरी, २०७२, पृ. ९२) । यहाँ भूगोलमाथिको प्रत्यक्ष हस्तक्षेप नभए पनि नयाँ प्रकारको सांस्कृतिक हस्तक्षेपको थालनी भएकाले यसमा उत्तरऔपनिवेशिक प्रवृत्ति रहेको छ । यसले अविकसित देशका प्राकृतिक संसाधनमाथि लामो दुरीको बजारू हस्तक्षेप नै गरेको छ (थापा, सन् २००९, पृ. १५) । राजनीतिदेखि औद्योगीकरणसम्मका आतङ्क वा भय सबैभन्दा धेरै संस्कृति र पारिस्थितिकीमै परेको छ । वर्तमान जीवनमा लोकगीत, लोकनृत्य, लोककथा हुँदै जीवनको कला, प्रक्रिया र शैलीको आफ्नो रीति, व्यवहार र ऋतुचर्या नै लोप हुँदै गइरहेको छ (सुब्बा, सन् २०१६, पृ. ८) । यसबाट विषाक्त सङ्कथनको स्थिति देखापरेको छ । यसरी प्रकृतिमाथिको हस्तक्षेपले विस्थापनको स्वरूपलाई विस्तृत बनाउँदै लगेको छ ।

विश्व भूमण्डलीकरणतर्फ जति तीव्र गतिले अगाडि बढिरहेको छ, त्यति नै मात्रामा पृथ्वीमा प्राणी र प्रकृतिबिचको पारिस्थितिकचक्र असन्तुलित हुँदै गएर यहाँको बसोबास सङ्कटमा परेको छ। विस्थापन समस्याको केन्द्रमा यो विश्वबजारकेन्द्री नीति मुख्य कारणका रूपमा उभिएको छ । जनजीवनको प्रत्यक्ष सरोकारको विषय भएकाले पनि यस विषयलाई साहित्य र साहित्य समालोचनाको एउटा प्रमुख विषयका रूपमा लिन थालिएको हो । वर्तमान सङ्कथनमा प्रकृतिप्रतिको मानवीय चिन्ता र चासोका विषय र परिणामहरू प्रशस्त मात्रामा देखिन थालेका छन् भने समालोचनाका नवीन मान्यताका रूपमा यस्ता सङ्कथनको अध्ययन र विश्लेषण गरिने परिपाटी आरम्भ भएको छ । मानवीय र मानवेतर प्रकृतिको चित्रणका सन्दर्भमा पर्यावरणकेन्द्री प्रस्तुति पर्याप्त मात्रामा भएको छ। अहिले विश्वभर नयाँ समस्याका रूपमा परिचयको सङ्कट देखिएको छ। स्थानीयताको विच्छेदका कारण सिर्जित यो मनोवैज्ञानिक समस्या आन्तरिक र बाह्य दुवै रूपमा प्रकट भएको देखिन्छ । अहिले उत्पादकत्व बढाउने उद्देश्यले विदेशबाट आयातित वर्गसंकर (हाइब्रिड) गरिएका बीउको प्रयोगलाई हरितक्रान्तिको नाम दिइएको छ । यो विकसित देशद्वारा विकासशील देशमाथि बनाइएको ठूलो षडयन्त्र हो (वनजा, सन् २०११ पृ. २६) । स्थानीय जैविकताले रूपान्तरित प्रतिकूल पर्यावरणलाई आन्तरिक तहमै स्वीकार्न नसक्दा एकातिर जैविक विविधतामा ह्रास आइरहेको छ भने अर्कोतिर गतिशील जीवनशैली भएका मानव र पशुप्राणीले बसाइँको विकल्प रोजेका छन् । जैविक विविधतालाई वंशानुगत विविधता (जेनेटिक डाइभर्सिटी), प्रजातीय विविधता (स्पिसिज डाइभर्सिटी) र पारिस्थितिक विविधता (इकोसिस्टम डाइभर्सिटी) गरी तीन तहमा प्रस्तुत गर्न सकिन्छ (भरुचा, सन् २००६ पृ. ८६) । स्थानीयताको अभावमा जीवको शारीरिक र मानसिक विकासका निम्ति पर्याप्त सकारात्मक परिवेश मिलेको देखिँदैन किनकि पर्यावरणीय चक्रभित्रको पारिस्थितिक प्रणालीमा वंशानुगत क्षमताको महत्त्वपूर्ण भूमिका रहने हुनाले नयाँ परिवेश विस्थापित जीवनका लागि उपयुक्त हुँदैन । अतः प्रकृति विपरीतको जीवनशैलीले विस्थापितहरू विस्तारै लोपको स्थितिमा जाने वा सांस्कृतिक विचलन आई सामाजिक पहिचानको सङ्कट झेल्दै आइरहेका छन् । मूलतः मानिसका उपभोक्तामुखी प्रवृत्ति र राज्यको प्राकृतिक स्रोत संरक्षणमा देखिएको गैरजिम्मेवारीले सीमित प्राकृतिक स्रोतको अवैज्ञानिक र अत्यधिक उपभोग गरिएबाट स्थानीय तहमा विस्थापन एउटा भयावह समस्या भएको छ । यसरी नै विकास कार्यबाट उत्पन्न विस्थापन, बाढी र पहिरोबाट उत्पन्न विस्थापन, बाँध निर्माणबाट उत्पन्न विस्थापन, भूकम्पबाट उत्पन्न विस्थापन, रासायनिक परीक्षणबाट विस्थापन, राजनीतिक कारणबाट उत्पन्न विस्थापन जस्ता विषयहरू आजका नेपाली कवितामा पर्यावरणीय विस्थापनका कथ्यका रूपमा प्रयोग गरिएका छन् ।

प्रस्तुत अध्ययनमा मूलतः स्थानीय पर्यावरणको विनाश र पुँजीवादी अर्थतन्त्रको खुला बजार नीतिले निम्त्याएको विस्थापन सङ्कटका विषयलाई लिएर लेखिएका कविताको छनोट गरी विश्लेषण गरिएको छ ।

## बाढी पहिरोको त्रासदी र माटोको उर्वराशक्तिको विनाश

माटो प्रकृति र जीवनको पहिलो आधार हो । पूर्वमा माटोको महिमा वैदिक साहित्यदेखि नै अभिव्यक्त हुँदै आएको छ । गहन पर्यावरणीय समालोचनाले साझा वासस्थानको अवधारणामा (डिप इकोलोजिकल स्टडी) यसको विश्लेषण गर्दछ । माटोको महत्त्वलाई आदर्श रूपले स्तुति गरिएका विषयप्रति ध्यान आकर्षित गर्दछ । यसले माटोको उब्जाउ क्षमता मान्छेका कारण भएको होइन, मानिसको उपयोगिताभन्दा पर पनि माटोको प्रयोजन सारा प्राणी र वनस्पतिका लागि छ भनेर माटोको सर्वमान्य आवश्यकता र मूल्यको चर्चा गर्दछ । तर प्रकृति मानिसका लागि र मानिस प्रकृतिका लागि भन्ने सत्यतिर पनि मानव मस्तिष्क बारबार फर्किरहन्छ किनकि प्रकृतिको सौन्दर्य र उपयोगितातीत आभास पनि मानिस मात्रले अनुभूत गर्ने विषय हो तर यसलाई सन्तुलनमा राख्न नसक्दा पहिलो सङ्कट त मानिसले नै बेहोर्नु परेको छ ।

नेपालमा बर्सेनी बाढी पहिरोको आतङ्कले प्रकृति विनाशका साथसाथै जनधनको ठुलो क्षति भइरहेको छ । बाढीको प्रकोपका दुई मुख्य कारण देखिएका छन्– पहिलो कारण हरितगृह ग्याँसको प्रभावका कारण पृथ्वीको तापमानमा वृद्धि भएकाले हिउँको पग्लिने मात्रामा समेत वृद्धि भई जमिनमा पानीको सतह बढेर बाढी, सुनामी र समुद्री आँधीको प्रकोप हुनु र दोस्रो कारण सप्तकोशीको पानीलाई भारतसँगको सम्झौताका कारण कोशी व्यारेज निर्माण गरी बाँध बाँधिनु र मनसुन सुरु भएपछिको नदीको बढ्दो बहाव थेग्न नसकी तराईको जनजीवन तहसनहस बनाइने क्रमले निरन्तरता पाइरहनु । केही वर्षअघि हिम पहिरोका कारण सेती नदीमा आएको बाढीले जुन ताण्डव मच्चाएको थियो, सिन्धुपाल्चोकको जुरेमा २०७१ साल साउन महिनामा रातिको समयमा गएको पहिरोको विभिषिका त्यस्तै भयावह थियो भने त्यही स्थिति २०७४ सालको साउन भदौमा आएको बाढीका कारण तराईको जनजीवनले बेहोर्नु परेको थियो, जुन हालसम्मकै निकै कष्टकर त्रासदी थियो । यस बाढीमा कैयौं चौपायाले मानिससँगसँगै ज्यान गुमाएका र बाँचेकाले पनि अपार दुःख भोगेका थिए । त्यस समय ज्यान गुमाएका मुसहर आदिवासी पाँच बर्षे कमलु सदाले मृत्यु संस्कारका लागि उनको लम्बाइ बराबरको गाड्ने जमिन पनि पाएनन् । यो अपार पीडाको यथार्थमाथि कवि विवश पोखरेलले साह्रै मार्मिक कविता रचना गरेका छन् । उनको कान्तिपुर कोसेलीमा छापिएको 'बग्दै बग्दै जाने छोरासित' शीर्षकको कविताले पर्यावरणीय सङ्कटमा विस्थापनको स्थितिमाथि मार्मिक अभिबोध प्रकट गरेको छ । उक्त कविताको एउटा दृष्टान्त यस्तो छ :

जीवनभरि माटोसँग खेले पनि
माटोमै हुर्किए पनि
हामीसँग आफ्नो भन्ने
माटो नै कहाँ थियो र तँलाई गाड्नू ?
तैंले नाङ्गैभुतुङ्गै खेल्ने ऐलानी आँगन
सरकारको थियो
तेरो बाबुले बर्खामा जोतेर
हिउँदमा धानको सिला खोज्ने गरेको खेत
मालिकको थियो
हामीसँग माटो त त्यति मात्र थियो
जुन श्रमको पसिनासँगै
हाम्रा आङमा टाँस्सिएर आएका थिए (२०७४, भदौ १७, कान्तिपुर कोसेली, पृ.ग)

कवि विवश पोखरेलको उल्लिखित कविता मानवीय पीडाको उत्कर्ष प्रस्तुति हो । २०७४ सालको साउन-भदौमा आएको बाढीले तराईवासीलाई जमिनबाट विच्छेद गरिदिएको थियो । कोशी नदीमा बाढीका कारण पानीको सतह अप्रत्याशित परिमाणले बढ्नु र ढोकाको साँचो बोकेको छिमेकी सरकारले कोशी ब्यारेजको ढोका समयमै नखोलिदिनुका कारण नेपालतर्फको सम्पूर्ण भूभाग जलमग्न भएको थियो । छिमेकी शक्ति राष्ट्रको मनोमानीको सिकार भएर नेपाली गरिब बस्तीमा पानीले ताण्डव मच्चाएको त्यो तद्कालिक समस्याको जरामा अर्कै पुँजीवादी समाज व्यवस्थाको दीर्घ परम्पराको परिणाम पनि मिसिएको थियो । उपर्युल्लिखित कवितांशमा जीवनभरि माटोसँग खेलेको, माटोमै हुर्किएको आदिवासी श्रमजीवी जनजातिको भूमिहीनताको मार्मिक अभिव्यक्ति प्रकट भएको छ। यहाँ 'हामी' सर्वनाम पदले तराईका जमिनविहीन किसानको प्रतिनिधित्व गरेको छ। बाँचुन्जेल बाबुले मालिकको खेतमा पसिना बगाएर त्यहाँको जमिनलाई उर्वर बनाएको थियो । कमलु सदाले माटोमै खेलेर हुर्किएको भए पनि उसको जमिन नभएको पीडा उसलाई पत्तो थिएन। उसले केही अघिसम्म खेलेको जमिन सरकारी ऐलानी जमिन थियो । यहाँ सरकार र जमिनदार दुवैबाट ठगिएका निम्न वर्गीय पात्रले भूमिको असमान वितरण र यसबाट भोग्न बाध्य पारिएको विस्थापनको सङ्कटका विषयलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ। बाबु जमिनदारको हली हो तर उसले उब्जाएको अनाजमा ऊ बेहक छ । वास्तवमा आफू सिर्जनाको केन्द्र भएर पनि त्यसको मूल्य नपाउनुको पीडा भोगेकी कविताकी कथयिता आमा पात्र स्वयं पनि तराईको जमिन जस्तै ठगिएकी पात्र हुन्। जसरी किसानले लगाएको बाली बाढीले विनाश गरिदियो, त्यसरी नै आफ्नो काखमा खेलिरहेको सन्तान बाढीका कारण सङ्क्रमणमा पर्‍यो र उपचार नपाएर मृत्यु वरण गर्न पुग्यो। सामान्य स्थितिमा मृत्युभन्दा भयानक कुनै स्थिति हुँदैनथ्यो तर मृत्युभन्दा पनि भयावह त आमाले छोराको लासलाई गाड्ने जमिन नपाएर आफ्नै

साडीको छेउ च्यातेर त्यसैमा बेरेर कोशीको अथाह पानीमाथि बगाएको दृश्यमा जमिनको महत्त्व चित्रित छ । यसलाई अझै स्पष्ट पार्ने अर्को कवितांश यस्तो छ :

तँलाई बेरेर बगाउन पनि मसँग
यो लाएको झुत्रो साडीबाहेक केही थिएन
जुन साडीको रङ
कुनै राजनीतिक दलको झन्डासँग मिल्दैन
हाम्रा पसिना, आँसु र जीवनसँग मिल्दैन
तथाकथित समानता, आरक्षण र स्वतन्त्रतासँग मिल्दैन
त्यही साडीलाई च्यातेर
तेरो अगाध मायालाई टपक्क निकालेर मुटुबाट
यो धमिलो पानीमा बगाइदिएकी छु
मेरो खुसी/मेरो प्राण/मेरो सपना
जानू, बग्दै बग्दै जानू
जहाँ माटो भेटिन्छ त्यहीँ टक्क अडिनू
र समाधिस्थ हुनू । (कान्तिपुर कोसेली, पूर्ववत्)

एउटी आमाको मृत छोरालाई पानीको सतहमा बगाउनुको बाध्यताले वर्तमानको राजनीतिक विभेदलाई सङ्केत गरेको छ। मुसहरको बच्चोले जमिनहीन हुनु र देशको नागरिक भएर पनि नागरिक अधिकार नपाउनुका पछाडि अहिलेको पार्टी नियन्त्रित मानव मूल्यप्रति कवितांशले व्यङ्ग्य प्रकट गरेको छ । आफ्नै पसिना र श्रमका आधारमा विना छलकपटको सुधो जीवन बाँचिआउनेले न त समानता, आरक्षण न त स्वतन्त्रता नै पाउँछ भन्ने कविको अभिव्यक्ति विपद व्यवस्थापन र विस्थापन समस्याको अन्त्यका निम्ति दीर्घकालीन पाइला नचाल्ने प्रवृत्तिमाथि चोटिलो व्यङ्ग्य हो । आफ्नै देशभित्र सर्वहारा भएर बाँच्नुको विवशतामा परेकी आमाको एउटा सपना सदैव छोराले जमिन भेटोस् भन्ने अधिकल्पनासित एकाकार भएको देखिन्छ । जमिन भनेको यहाँ संस्कृति हो । प्रकृतिको विनाशले संस्कृति पनि विनाश हुने सत्य यस कविताले प्रकट गरेको छ । जब जमिन र संस्कृति रहँदैन, मानिसको विस्थापन त्यहीँदेखि आरम्भ हुन्छ ।  नेपाली कवितामा विस्थापनका अभिव्यक्तिगत विशिष्टता स्वरूप अधिकांशतः बाढी, पहिरो र अन्तमा बगरमा परिणत कथाको स्वरूप पाइन्छ । यहाँ बाढीबाट विस्थापित एक प्रौढ कवि व्यक्तित्वको स्मृतिमा नमेटिई बसेको गाउँको खोजी जारी रहेको छ । 'निस्तब्ध किनारामा' शीर्षकको यो कविता विवश पोखरेलले रचना गरेका हुन् । यस कवितामा एउटा दृश्य चलायमान देखिन्छ, जुन हेर्नका लागि कवि एउटा अन्तरालपछि फेरि

त्यही ठाउँमा फर्किएका छन्, जहाँबाट उनी बाढीका विकराल आवेगी पाइलाले लखेटिएका थिए :

सोचिरहेछु,
कहाँ थियो मेरो
कविताको गाउँ ?
शब्दमा, दृश्यमा, विचार र अनुभूतिमा
मैले प्रशव गरेको जीवन, समय
र प्रकृति
बाढीले लखेटेको दुःखी अनुहार
र, बगरमा रुपान्तरित प्रारब्ध
उदास आँखामा सबै-सबै नदी
भएर बगिरहेछ
कहीँकतै छैन मेरो
स्मृतिको गाउँ
समयले भनिरहेछ
प्रिय कवि
अब यो
मेरो कवितामा मात्र बाँकी छ ! (२०७४ पुस १, नागरिक अक्षर, पृ.घ)

विस्थापनको अर्को कारण जमिनको मरुभूमीकरण हो । स्थानीयताको विनाशका लागि जब विकासका योजना लिएर यन्त्रले मानव बस्तीमा प्रवेश गर्छ, त्यसपछि खेतहरूमा खेती होइन, बाँझो बनाउने अभियानको आरम्भ हुन्छ । मानिसका परिश्रमी हातमा प्राकृतिक हतियारहरू सहयोगी हुन्थे र जमिनबाट सुगन्ध निकाल्थे तर अब यन्त्रहरू खेतको सिर्जनशीलतामाथि हुङ्कार गर्दै जमिनको रस सोसेर वेपत्ताको गतिशीलता देखाइरहेछन् । मनप्रसाद सुब्बाको कविता 'खेतमाथि आक्रमण : केही भिडियो क्लिपिङ'मा माटोको वर्तमान नियतिमाथि यस्तो कविता संरचित छ :

माटोलाई माटोबाटै छुट्याउन
मेफिस्टोफिलिसका एजेन्टहरू आउँछन्
खेतको गर्भबाट जन्मेका खेतका सन्तानहरू
खेतआमा बचाउँन
खेतअघिल्तिर उभिन्छन्
ती खाकी एजेन्टहरूका मुखबाट एक्कासि
फुटी निस्कन्छन् नबुझिने शब्दहरू प ट ट ट ट. ..
अनि छिनभरमै

खेतको काख रगताम्य हुन्छ
रजस्वलाको रगत होइन यो
तर रजस्वलाचक्र नै सुकाइदिने यौटा अपरेशन । (भुइँफुट्टा शब्दहरू, पृ. १२)

सुब्बाको कविताको उल्लिखित उध्दृतांशले पर्यावरणीय चक्रलाई असन्तुलित बनाउने दुष्कर्म सहरिया अर्थात् तथाकथित सुरक्षाकर्मीहरूको भएको भाव प्रकट गरेको छ । माटोमाथि राजनीति गर्नेले माटोको गुण नष्ट गरिदिएपछि उब्जाउहीन बन्न पुगेको धराको मार्मिक कथा बक्न विवश धर्ती पुत्रका पीडालाई कविताले सम्बोधन गरेको छ । आणविक युगले बिगारेको स्थानीय पर्यावरणमा माटो भिजाउने पसिना होइन, सिँचाइ होइन, बरु रगतको खेल हुन्छ र खेत खेत रहँदैन, माटो माटो रहँदैन । भोकको आविष्कार यसरी सुरु भएको आजको समय राजनीतिक शक्तिको व्यापक दुरुपयोग भएको समय हो र अपार पर्यावरणीय सङ्कट यसैले निम्त्याएको भाव कवितांशले व्यक्त गरेको छ। कविताको कथ्यमा प्रकृतिको रसतत्त्वको अन्त्यसँगै जैविक विविधताको अभाव र मानिसको स्थानीय सम्बन्धमा विच्छेदको स्थिति आउनेतिर पनि कवितांशले सङ्केत गरेको छ ।

मनु मञ्जिलको कविता **पहाड र पहिरो**को एउटा कवितांशले यसरी नै पहाडमा पहिरो गएको विषयलाई चित्रण गरेको छ । मानिसभित्रका संवेदनहीनताले जाने पहिरोको पीडा बेहोर्न विवश आजको मानिस स्वयं नै आफैभित्र विस्थापित चरित्र हो भन्ने भावसहितको जीवनदर्शन ध्वन्यात्मक भएको कवितांश यस्तो छ :

...तर पहिरो जाँदा पहाडमै त जाँदो रहेछ
भत्कनुपर्दा निर्मिति नै त भत्कँदो रहेछ
ढिलोचाँडो पहिरोले नतानिने पहाड नै पो हुँदो रहेनछ
जुन दिनदेखि म पहिरो जान के थालेको थिएँ
चराहरूकै चिरबिर पनि मलाई चिर्न खोजिरहेछन्
पानीकै छिटाहरू पनि मलाई फोर्न खोजिरहेछन्
एक भँगालो पनि नबग्ने बगर मलाई बगर बनाउन खोज्छ
फूलसित खेल्न हिँडेको हावाको हल्का झोँक्का
जाँदाजाँदै मलाई ढाल्न खोज्छ
मेरो उचाइलाई घिसारेर मेरो फेदीमा पुऱ्याउन खोज्छ
मेरो आयतन खाली गरेर मभरको यौटा नयाँ आकाश उभ्याउन खोज्छ (आँधीको आवेग, पृ. २९)

प्रस्तुत कवितांशले पहाडमा पहिरो जानु केवल बाह्य पर्यावरणीय विषय होइन भन्ने कुरालाई निजात्मक अनुभूतिका माध्यमबाट प्रस्तुत गरेको छ । मानिसले बिगारेको पर्यावरणको असर र पीडा अर्को पुस्तामा पुगेर भए पनि मानिसकै अन्तःचेतनाबाट, उसको

निराश अनुभूतिबाट प्रकट हुने सत्यको उद्घाटन यस कवितांशले गरेको छ। पहिरो जानुसँग माटोको सम्बन्ध त छ नै, त्यससँगसँगै पहिरो गएको ठाउँ बसोबास शून्य हुने र यसले पारिस्थितिकीलाई असन्तुलित बनाउने कुरा चरा, पानी, फूल र बगर शब्दका लाक्षणिकता मार्फत प्रस्तुत गरिएको छ । हावाको झोक्काले पहिरो नजाला तर मानिसका कुकर्मले जब पहाडमा पहिरो जान्छ, तब मानिसभित्रको आस्थामा हावाकै झोक्काले पनि पहिरो निम्त्याउँछ। कविले मानिसका क्षणिक दम्भ, अज्ञानता र मिचाहापनले मानिसकै उचाइलाई शिखरबाट सम्ममा खसालिदिन्छ, अथवा मानिसको अस्तित्व नै सङ्कटमा पुग्छ भन्ने भाव प्रकट गरेका छन् । मानिस आफ्नै कर्मले आफ्नै लागि पलायनको मार्ग बनाइरहेको यो सन्दर्भले मानिसले अरू प्राणीका लागि त परै जाओस्, आफ्नै लागि पनि पर्यावरणमैत्री बासस्थान बनाउन वा जोगाउन नसकेको सत्यप्रति कविले निराशा प्रकट गरेका छन् ।

## जल प्रदूषण र सुख्खापनबाट सिर्जित विस्थापन

पानी प्राणीको जीवनको मुख्य आधार हो । जीवनका लागि रस उत्पादन गर्न माटोलाई पनि पानी नै चाहिन्छ। विज्ञानले पनि जीवको उत्पत्ति पानी र माटोको संयोगबाट भएको मान्छ। यसर्थ जीवनका लागि माटो र पानीको सम्बन्ध अविभाज्य छ। आजभोलि पानीको अभाव एउटा कटु यथार्थ भएको छ । पानीका मूलहरू सुक्नु भनेकै जीवनका ढुकढुकी रोकिएको अनुभूति हो । पानीको अभाव मूलतः दुई कारणले भइरहेको देखिन्छ, पहिलो कारण पानीमा दूषित पदार्थ मिसाइएका कारण यसको उपभोग्य स्थिति समाप्त भएको छ र दोस्रो वन विनाश र वृक्षरोपणको अभावले पानीका मूल सुकेका छन् । यसरी एकातिर बढ्दो सहरीकरणका कारण सहरी क्षेत्र पानीको सङ्कट बेहोरिरहेको छ भने अर्कोतिर पहाडी बस्तीमा वन विनाशले सुख्खापन बढाएको छ। कविताले पानीको स्रोतप्रति देखाएको गैरजिम्मेवारीप्रति व्यापक व्यङ्ग्य र विरोध गरेको छ। अविनाश श्रेष्ठको कविता 'चोभार'मा पानी प्रदूषणको वीभत्स स्वरूप प्रकट भएको छ :

काठमान्डू सुन्दरीको /सिफिलिस सल्केको<br>
योनी जस्तो चोभार<br>
बगाइरहेछ अचेल कुहेको दूषित पीप/सडेको रगतको लेदो<br>
अनि दुर्गन्धित फुसी जस्तो पानी (करोडौँ सूर्यहरूको अन्धकार, पृ. ६६)

प्रस्तुत चोभार कवितामा वीभत्स भावको पर्यावरणीय विघटन प्रकट भएको छ । मञ्जुश्रीको आदिम मिथकीयतामा आधारित जलाशय काठमाडौँको किंवदन्ती र पवित्र बसोबासको यो उपत्यका अहिले चोभारको बन्द मुहानसँगै दूषित र गलित भएर मृत्युशय्यामा अन्तिम घडी पर्खिरहेको साह्रै क्लान्त स्वरूपको प्रदर्शन गरिएको छ । एकातिर पानीको महिमा गायक, प्रेमको अटुट गति र सागरसम्मको गन्तव्य प्राप्तिको निस्सीम आनन्दको पारखी देखिन्छन् कवि, अर्कोतिर उनी सहरिया परिवेशले प्रदूषित पारेको गतिहीन पोखरीमा

पानीको दुर्गन्धित अवशेषलाई घृणाको आवेगमा प्रस्तुत गर्छन् र यौन विकृतिले रोगाएकी सुन्दरीको अवस्थासँग दाँज्न पुग्छन् । सुन्दरीमा व्याप्त यौनशक्ति सिर्जनाको प्रतीक हुनपर्नेमा आजको यौन जीवन पानीझैं दूषित भएकाले जातीय लोपको सम्भावना कवितांशमा प्रकट भएको छ ।

पानीका स्रोतहरू पूर्वीय संस्कृतिमा पूज्य रहेका छन् । जल देवताको प्रसङ्ग लोक संस्कृति र वैदिक संस्कृति दुवैका लोक कथामा आइरहने विषयका रूपमा पाइन्छन् । वर्तमान समयमा मानिसले प्राणी र प्रकृति दुवैका लागि हार्दिक सम्बन्ध राखेको पाइँदैन । उसको यो प्रवृत्ति पर्यावरण विपरीत रहेको छ । यसै भावमा कवि सरूभक्तले रचना गरेको ढुङ्गाहरूको वस्ती (३) शीर्षकको कविताको एउटा कवितांश यहाँ प्रस्तुत छ :

> मैले अन्तिम पल्ट ढुङ्गाहरूको बस्तीलाई सोधेँ :
> "ए बस्तीका ढुङ्गाहरू !
> साँग्रिला पर्वतफेदीमा
> किन हिमनदीको उजाड बगर देखिन्छ ?" (संरक्षण कविता यात्रा, पृ. ८४)

उपर्युल्लिखित कवितांशमा स्थानीयताको रित्तिँदो परिवेशलाई प्रस्तुत गरी पर्यावरणीय समस्याको चित्रण गरिएको छ । संरक्षण कविता अभियान लिएर अन्नपूर्ण क्षेत्रको भ्रमणमा गएका कविका कविता भएकाले त्यहीँको प्रकृति, संस्कृति र जीवनलाई आधार मानी कविता रचना गरिएको छ । त्यसैले हिमनदी, पहाड, ढुङ्गाका सन्दर्भहरू दोहोरिनु स्वाभाविक देखिन्छ तर मुख्य कुरा के हो भने निरन्तर बग्ने भएर पनि समथर साङ्ग्रिलामा आइपुगेपछि मानिसका मन किन झन साँगुरिएका छन् र किन वृक्षरोपण गरी त्यस उजाड बगरलाई हरियाली प्रदान गर्नेतिर मानिसका ध्यान गएको छैन भन्ने प्रश्न उठाइएको छ । हरितगृह ग्याँसको प्रभावले हिमालहरू पग्लिएर सकिँदै जानुले बगरमा परिणत बस्तीको कथा बोलेको छ । बस्तीमा मानिसहरू होइन, ढुङ्गाको बसोबास हुनुले विस्थापनको स्थिति र ह्रासोन्मुख मानवीयताप्रति व्यङ्ग्य गरेको छ । प्रस्तुत कवितांशले प्रतीकका माध्यमबाट पर्यावरण र संस्कृतिका बारेमा गहन प्रश्न उठान गरेको छ ।

## वायु प्रदूषण, ध्वनिगत विकार र स्वास्थ्य सङ्कट

पर्यावरणीय समस्याको अर्को विकराल अवस्था वायु प्रदूषण र ध्वनिगत विकारबाट सिर्जना भएको छ । पश्चिममा सुरुदेखि नै प्रकृतिलाई विजेयका रूपमा हेरिएको पाइन्छ । पूर्वमा दार्शनिक चिन्तनको आरम्भमा प्रकृतिलाई मैत्रीपूर्ण भावमा हेरिएको देखिन्छ तापनि विस्तारै पूर्व पनि व्यवहारतः यस चिन्तनबाट विमुख हुँदै गएको छ । प्रकृतिप्रति मानिसको व्यवहार अनुदार हुँदै गएको छ । आफ्ना आवश्यकता र महत्वाकांक्षाको दास भएर मान्छेले वैज्ञानिक बुद्धिवादको प्रयोग गरिरहेको छ (त्रिपाठी, पृ. ७६) । प्राकृतिक जीवनशैली छोड्दै गएपछि मानिसका सपनाहरू तिनैका महत्वाकाङ्क्षाले किचिएका छन् । मानिसले उजाडेको

घर आँगनमा ऊ स्वयम्को अस्तित्व सङ्कटमा परको छ । यही भावको कवितांश गीता त्रिपाठीको 'आदिम आँसु' शीर्षकको कविताबाट प्रस्तुत गरिएको छ :

फूलमाथि हाँसिरहेछ सडक
आधा जून रोइरहेछ आकाश
बतास छामिरहेछ ढुकढुकी
म आफै छुट्याउन सक्दिन
यो बतासमा कहाँनिर छ मेरो प्राण ! (सिमलको गीत, पृ. ३९)

अणु परमाणु शक्तिको खेदजनक प्रयोगबाट श्वास फेर्नका लागि स्वच्छ वायु र रुनका लागि आँसुसम्म नबच्ने शुष्क युगको आगमनप्रति पछिल्लो दशकका नेपाली कविताले विरोधको स्वर प्रकट गरेका छन् । जताततै कार्बनडाइअक्साइडको खेती छ । एटमको विध्वंसक नाभिकीय परीक्षण पर्यावरणका लागि खलनायकको प्रहार हो भन्ने थाहा हुनेले नै यसको प्रयोग गरिरहेका छन् । धुवाँको जङ्गलमा वायु र ध्वनि प्रदूषणको कहाली लाग्दो विस्फोटनले अन्तरिक्षमा करोडौं सूर्यहरू एक साथ बलेका हुन् कि भन्ने सन्त्रास दिने अग्निपर्व पृथ्वीमा आरम्भ भएको छ । उज्यालोको त्यस तथाकथित उत्ताल उन्मत्त बबन्डरमा कुनै उज्यालो होइन, अन्धकारको यात्रा थालनी हुने छ भन्ने भयानकता आजका कविताका विषय बनेका छन् (त्रिपाठी, पृ. ७६) । आफ्ना आवश्यकता र महत्वाकांक्षाका दास भएर मान्छेले वैज्ञानिक बुद्धिवादको प्रयोग गरिरहेको छ । फलस्वरूप स्वर्ग जस्तो धर्ती बिस्तारै चिसो मरुभूमितिर रूपायित हुँदै गइरहेछ । पर्यावरणमा आएका अनेक उतार चढावहरूप्रति अविनाश श्रेष्ठको विस्थापन चेतना 'करोडौं सूर्यहरूको अन्धकार पाँच' कवितामा यसरी व्यक्त भएको छ–

त्यस बेला दिनमा दिन हुनेछैन
न रातमा अस्तित्व हुनेछ रातको
न कुनै रङ्ग रहनेछ, न दृष्टि
न कतै जीवन रहनेछ न सृष्टि
...करोडौं सूर्य बल्दा पनि हुनेछैन त्यसपछि उज्यालो
हाम्रो समयका ईश्वरको पनि हुनेछ अवसान त्यहीँ...। (करोडौं सूर्यहरूको अन्धकार, पृ. ५९-६०)

आज पर्यावरणीय समस्यालाई सम्बोधन गरिएका कवितांशहरू विस्थापनमुखी कोलाहलपूर्ण समयको खेती भएको छ । अमृतमय प्रकृतिको आनन्द विषाक्त रसमा परिणत भइरहेको भावयुक्त पुष्प आचार्यको कविताले यो कोलाहलको सानो अंश यसरी गम्भिरतापूर्वक प्रस्तुत गरेको छ :

पुराण र वेदका मन्त्रहरू प्रतिध्वनित गर्दै

बाइबलका नीति वाक्यहरू उच्चारण गर्दै
धर्ती पाठ गर्दैन
मुक्ति आकांक्षा
ऊ आगमन खोज्दैछ
छाडेर पुराण र बाइबललाई
औँसीका चीसा रातहरूमा
मात्र धर्ती संघर्षमा सहयात्री बन्ने
एउटा नयाँ प्रमिथसको (संरक्षण कविता यात्रा, पृ. ७२)

प्रकृतिपरकताले अँगालेको पूर्वीय जीवन दृष्टिमा पुराण र वेदको निर्माणका आधार नै प्राकृतिक शक्तिहरूको आराधना मानिएको छ । यसका लागि मन्त्ररूपी काव्यिक संरचनाहरू तयार पारिएका हुन् । पूर्वको वेद र पश्चिमको बाइबलका नीति वाक्यहरू आजको बदलिँदो संस्कृतिमा धर्ती आफैका लागि कुनै महत्त्व राख्दैन भन्ने भाव उल्लिखित कवितांशले प्रकट गरेको छ । आजको समय तातो मस्तिष्कले जन्माएको चिसो औँसीजस्तै अन्धकारमय रहेको छ। यसका लागि नीति र नियमभन्दा व्यवहारमा परिवर्तन हुनु आवश्यक भएको छ । चेतनाको उज्यालो चाहिएको पदयात्रीलाई बारुदको उज्यालो अभिशाप बन्दै गएका स्थितिप्रति चिन्ता प्रकट गर्दै प्रस्तुत कवितांशले आजका मन्त्रहरू ध्वनि प्रदूषणजस्ता भएका छन्, व्यक्तिवाद र उपभोक्तावाद हावी भइरहेको अबको समयलाई प्रकृति, संस्कृति र समुदायको सेरोफेरोमा तिनलाई सहयात्री धून बनाउन पर्यावरणीय चेतना जगाउनुपर्ने भाव अभिव्यञ्जित गरेको छ ।

## हरित प्रकृतिको विनाशले ल्याएको सङ्कट

प्रकृतिको मुख्य वस्त्र नै वन जङ्गल हो । रुख विरुवा नभएका डाँडा पाखालाई नाङ्गो र उजाड मानिन्छ । प्राणी जगत्को वासस्थान र पानीका मूल बचाउने माध्यम भएकाले पनि यिनका बिचमा अन्योन्याश्रित सम्बन्ध रहको छ। यस विषयमा निकै भावपरक कविताहरू सिर्जना भएका छन् । प्रकृतिको मानवीकरण गरी लेखिएको यस्तै एउटा भावमय अभिव्यक्ति हरिदेवी कोइरालाको 'मेरो गाउँको पिर छ' शीर्षकको कवितामा पाइन्छ :

वनका फूल जडीबुटी आँसु झारी रुन्छन्
ममताको एक मुठी माटो देऊ भन्छन्
त्यसैगरी भन्छिन् रुँदै वनकी चरी पनि
कहाँ बसुँ गुँड अब डाली छैन भनी (संरक्षण कविता यात्रा, पृ. ६-७)

प्रत्यक्षतः सुन्दरता प्रकट हुने वन जङ्गलमाथि नै स्वस्थ वायु अक्सिजन निर्माणको सम्पूर्ण प्राकृतिक दायित्व छ । औषधोपचारमा प्रयोग गरिने जडीबुटी पनि वन जङ्गलबाटै प्राप्त हुन्छ । नेपाल जडीबुटीका लागि प्राचीन कालदेखि नै सम्पन्न ठाउँ रही आएको छ ।

रामायणमा हनुमानले लक्ष्मणलाई लागेको वाणको विषबाट मुक्त गर्न जडीबुडीको पहाड नै उठाएर ल्याएको प्रसङ्ग छ र त्यो सुमेरू पर्वत नेपाल खण्डमै रहेको चर्चा छ । यति महत्त्वपूर्ण सम्पदा वन जङ्गलमाथि राजनीति हुन थालेपछि हिजोआज पर्यावरण विनाश तीव्र गतिमा हुँदै गइरहेको छ ।

वन जङ्गल अन्य प्राणीको वासस्थान पनि हो । मानिसको स्वार्थी प्रवृत्तिले स्वयं मानिस मात्र होइन, सम्पूर्ण पृथ्वी र प्राणी जगत् नै सङ्कटमा पर्दै गएका छन् । वन जङ्गलको विनाशमा निम्नवर्गले घरेलु इन्धनका निम्ति काठ दाउरा जम्मा गर्ने एउटा कारण रहेको छ भने अर्कोतिर राजनीतिक शक्तिका आडमा स्वार्थले प्रेरित भई काठ दाउरा र जडीबुटीको चोरी निकासी गरिएको पाइन्छ । राणा शासकहरूले साम्राज्यवादको स्वार्थपूर्तिका लागि वन विनाशलाई संस्थागत गरेका हुन् भने यो प्रक्रिया कुनै न कुनै रूपमा अहिलेसम्म पनि विद्यमान रहेको छ (भट्टराई, पृ. ८२) । यसरी वन्यजन्तु सिकारमा पनि दुई कदम अघि बढेका राणाहरूबाटै विस्थापनको आरम्भ भएको देखिन्छ ।

समकालीन समस्या भएकाले उत्तरवर्ती कतिपय कवितामा वन जङ्गल विनाशप्रति मानवीय दायित्वको प्रकटीकरण भएको छ । वन वास्तवमा रुखहरूको जालो मात्र होइन, यसमा अन्तर्निहित जीवन पद्धति पारिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्नका लागि सर्वश्रेष्ठ प्रक्रिया रहेको छ । सरस्वती श्रेष्ठ "सरू"को रुख रोपौं माटो जोगाऊँ शीर्षक कविताबाट एउटा दृष्टान्त प्रस्तुत छ :

रूख – हाम्रो सन्तान हो,<br>
रूख – हाम्रो जीवन हो,<br>
रूख – हाम्रो सुख हो,<br>
रूख – हाम्रो सब चीज हो । (संरक्षण कविता यात्रा, पृ. ४३)

उल्लिखित कवितांशले प्रकृतिको कोमल पक्ष रुख विरुवा वनस्पतिलाई सन्तान जस्तै प्रिय भएको भाव व्यक्त गरेको छ । सन्तान भन्नु सुरक्षित भविष्य हो र रुख मानव अस्तित्वको निरन्तरतासँग बद्ध सम्बन्ध राख्दछ । सन्तान भनेको नयाँ जन्म हो, नयाँ स्नेह र नयाँ श्वास हो । रुखविना त्यो अक्सिजन, त्यो नयाँ सन्तान प्राप्त हुँदैन । त्यसैले वनस्पति मानिसका लागि जीवन हो, जीवनको सुख हो र सबै कुरा हो भन्ने गम्भीर तर कोमल भाव अभिव्यञ्जित भएको छ ।

वातावरण बिग्रनुमा मानिसका क्रियाकलाप पहिलो कारण मानिन्छ । अझ वन जङ्गल मास्ने क्रमको तीब्रताले प्रकृतिलाई मरुभूमि बनाउँदै लगेको छ। वायुको स्वच्छतामा वन जङ्गलको ठूलो योगदान रहेको हुन्छ । त्यसैले जङ्गल जीवनका लागि मङ्गलमय मानिन्छ । मानिसले समयमै यसप्रति सचेत हुनुपर्ने भावका साथ नवराज अधिकारीको

'हिमचुलीको गीत' शीर्षकको कविताले 'जीवनका लागि जङ्गल' भन्ने भावाभिव्यक्ति यसरी प्रकट गरेको छ :

वातावरण बिग्रन्छ कि जोगाउनु पर्‍यो
जङ्गलमा मङ्गल छ भन्ने बुझ्नु पर्‍यो
बेला छँदै नसाँचेमा सङ्कटमा पर्छौं
वन साँचे हामी बाँच्छौं वन मासे मर्छौं
वनमासे सुकेर खोली भोलि हामी पर्नेछौं बिचल्ली
रुख काटे चलेर हुरी भत्की जाला गाउँको चौतारी

(संरक्षण कविता यात्रा, पृ. ३४)

उल्लिखित कवितांशमा वन जङ्गलसँग वातावरणको सम्बन्धलाई अन्योन्याश्रित देखाइएको छ । परम्परागत जडपनमा जङ्गललाई असभ्यताको प्रतीक मानेको पाइन्छ । त्यसैले मान्छेहरूले समाजमा घुलमिल गर्न नजान्नेलाई "कस्तो जङ्गली !" भनेको पनि सुनिन्छ तर मानिसहरूले मानवीय व्यवहार गर्न नजानेर आजभोलि सहर र बस्तीबिच पनि प्रकृति पर्यावरण विपरीत कर्म गरिरहेकाले प्रदूषणको मात्रा अति बढिरहेको छ । त्यसैले जङ्गल पर्यावरणीय स्वच्छता र पर्यावरणीय सन्तुलनका लागि अत्यावश्यक विषय भएको छ । वन जङ्गल पशु प्राणीहरूका दैनिक आवश्यकता पूर्तिको स्रोत र वासस्थान यी दुवै भएकाले पनि मङ्गलकारी स्थान मानिन्छ । वनको अपरिहार्यता जानेर पनि राजनीतिक र वैयक्तिक स्वार्थका कारण वन विनाशको क्रम हाल तीव्र भएको छ ।

वृक्षरोपणतिर मानिसको अभिरुचि र चेतना प्रायः शून्य रहेको छ । पछि पछुताउने तर पहिले राम्रा कुरा जोगाउन पहल नगर्ने बानीले अक्सिजनको आपूर्तिमा प्रभाव पर्ने भई स्वस्थ हावामा कमी हुँदै आएको छ । यसरी नै भूक्षय र पानीका स्रोत सुक्ने हुँदा वन जङ्गल फँडानीले मानिसका चौतर्फी परिवेशलाई नराम्रो प्रभाव पार्दछ । यसैले समय छँदै सोच्ने बानी गरी वन जङ्गलको संरक्षण गर्न प्रस्तुत कवितांशले सरल शैलीमा गम्भीर भाव प्रकट गरेको छ ।

## पशुपन्छी र प्राणीका जीवनमा परेको सङ्कट

पशुपन्छी र मानिसका बिच जैविक मात्र होइन, सांस्कृतिक सम्बन्ध पनि निकै गहिरो रहेको छ । प्रकृतिको सौन्दर्य पान गर्दा मानिसले वसन्तमा कोइलीको महत्त्व गाउँछन् भने बिरालो र कुकुर पालेर आफ्नो एकाकीपनबाट मुक्त हुने प्रयास गर्छन् । कृषि र ढुवानीमा पशुको प्रयोग हुनु, यातायात र खाद्यान्नका लागि पशुको प्रयोग हुनु र मलखादका लागि पनि पशुप्राणी पालन गर्नुजस्ता कर्मले मानिसलाई पशुपन्छीको आवश्यकताको दृष्टान्त दिएको छ । प्रकृति र पर्यावरणका अनमोल कवच हुन्- मानवेतर प्राणी अर्थात् पशुपन्छी । प्राकृतिक वातावरणभित्रका महत्त्वपूर्ण जैविक विविधता र वातावरणबिचको समन्वयको महत्त्वपूर्ण

सूचक प्राणी हुन् र यिनको रक्षाले मानव जीवनलाई समेत सन्तुलित र सरल बनाउँदै लान्छ (थापा, पृ. १६) । मान्छेका प्रकृतिमाथिको उपभोक्तावादी संस्कृति र विजेता मनस्थितिले यी कवचहरू नासिँदै गएका छन् । अविनाश श्रेष्ठको करोडौँ सूर्यहरूको अन्धकार 'एक' मा अभिव्यक्त पङक्ति यस्ता छन् :

लुप्त हुँदै छ बाघ जसरी नै आस्था,
घट्दै छ माटोभित्र पानीको सतह जसरी नै मित्रता,
...डायनोसर जसरी नै पृथिवीबाट लुप्त हुनेछ
एक दिन मान्छेको प्रजाति
तर त्यसभन्दा अगाडि नै लुप्त हुँदै छ– मानवता (करोडौँ सूर्यहरूको अन्धकार, पृ. ५२)

उल्लिखित कवितांशले पर्यावरण अवसानको भयानक दुर्घटनाको आरम्भ भइसकेको विषय प्रस्तुत गरेको छ । यी सबैका पछाडि मानवता, उदारता, विश्वास, सद्भाव, विनम्रता र पवित्रता हराएको आधुनिकताले वर्तमान मान्छेलाई पाखण्ड बनाउनु नै हो भन्ने भाव कवितामा पाइन्छ ।  प्रकृतिको उपभोग सबै प्राणीले गरेका छन् । सबैका लागि जीवन रस प्राप्त गर्ने थलो प्रकृति नै भएको छ तर विवेकशील प्राणी भएकाले मानिसको दायित्व प्रकृतिको उपभोग मात्र होइन, उचित र आवश्यक संरक्षण गर्नु पनि रहन्छ भन्ने पुनर्वास चेतना पनि विस्थापनका विपरीत प्रकट भएको छ

## निष्कर्ष

आजका नेपाली कवितामा प्रस्तुत विस्थापनमुखी पर्यावरणीय सन्दर्भ प्रकृति र जीवनबिचको समस्यामूलक अभिव्यक्ति हो । मानिसका प्राकृतिक जीवनशैली एकाएक बदलिएर तिनका आवश्यकताहरू असीमित भएका छन् र यसको पूर्तिको निर्विकल्प स्रोत प्रकृतिलाई मान्न थालिएको छ । यसले गर्दा पर्यावरणमा अनेक समस्याहरू देखिएका छन् । कवितामा बाढी-पहिरोले जनजीवनमा ठूलो विसङ्गति उमारेका विषय, स्थानीय वन जङ्गल र वन्यजन्तुको विनाश, जलस्रोतको विनाश र सुख्खाभूमि, माटो-शक्तिको विस्थापन, प्रदूषणले ल्याएका श्वासप्रश्वास र मस्तिष्कसम्बन्धी अनेक समस्या, मौसमको असन्तुलन र कष्टकर जीवनशैली, बिग्रँदो पारिस्थितिकी र संसारका महत्त्वपूर्ण जीव र वनस्पति लोप हुँदै जाने अवस्थाले पर्यावरण र जीवनको विस्थापन प्रत्यक्ष समस्या बनेको छ । नेपाली कवितामा पर्यावरणीय सङ्कट र विस्थापनका घटनालाई विभिन्न कोणबाट प्रस्तुत गरिएको छ ।

मूलतः स्थानीयताको अभाव र तनावयुक्त मानसिकताप्रति कविका काव्यिक स्वर ज्यादा प्रखर भएका छन् । अधिकांश कविताहरू गद्य मुक्तलयमा संरचित छन् भने केही गीति लोकलयमा छन् । आदिवासी जनजातिका पराधीन दैनिकी र प्राकृतिक प्रकोपको त्रासदीबाट भएको विस्थापनको अत्यन्त मार्मिक भाव कवितामा चित्रित छ ।

यसरी नै आधुनिकताका नाममा परिवर्तित भएका कृषि प्रणाली र वर्गसंकर बीउको प्रयोगले खेतको उर्वरता र किसानको उत्साह दुवैको हत्या गरिदिएको निराशाजनक परिस्थितिको प्रतीकात्मक चित्रणले कवितामा गम्भीर भाव सम्प्रेषित छ । अन्त्यको त्रासदीसँगै जोडिएर आएका विषाक्त सङ्कथन भएर पनि कवितामा पर्यावरणमैत्री भाषिक प्रयोगको स्थिति छ । प्रकृतिको मानवीकरण गरिएका ती कविताले जीवन र प्राकृतिक संसाधनबिचको निकटतालाई आत्मिक सम्बन्धका रूपमा प्रस्तुत गरेको छ । प्रयुक्त पात्रमा स्मृतिदंशको स्थिति रहेकाले विस्थापनको स्थिति बाध्यताका रूपमा भोगेको यथार्थ कवितामा प्रस्तुत छ । स्थानीय जैविक परिवेशले निर्माण गरेको सांस्कृतिक अनुकूलताबाट विच्छेद भएर बाँच्नुको पीडा नै विश्लेषित कविताले अभिव्यञ्जित गरेको मूल समस्या हो । प्रकृतिको संरक्षण र आदिवासीको अधिकार स्थापनामा वर्तमान राज्य सरकारले देखाएको उदासीनताप्रति यहाँ विश्लेषित कविताले मार्मिक प्रश्न उठाएको छ । समग्रमा नेपालका पहाडी भूखण्डमा पहिरोको समस्या र पानीको अभाव, हिमाली क्षेत्रको सुख्खापन र तराईको बाढी र खडेरी जस्ता समस्याले एकै किसिमका पर्यावरणीय सङ्कट र विस्थापनका समस्याहरू सिर्जना गरेका छन् । पछिल्लो दशकका नेपाली कविताले यी विषयमा गम्भीर ध्यानकर्षण गर्ने गरी विशिष्ट कवितात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

## कृतज्ञता ज्ञापन

यो शोध विश्वविद्यालय अनुदान आयोगद्वारा गीता थपलियालाई उपलब्ध गराइएको विद्वतवृत्ति वि.सं. २०६९-०७० का वित्तिय सहायता अन्तर्गत प्रा.डा. ताराकान्त पाण्डयका निर्देशनमा विश्वविद्यालय अनुदान आयोगका पक्षमा तयार गरिएको हो ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौं : अक्षर क्रियसन्स ।

एटम, नेत्र. (२०६८). पर्यावरणीय समालोचना. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). पृ. ३११ ।

गिरी, अमर र अन्य (सम्पा). (२०७४). *प्रज्ञा समकालीन कविताविमर्श.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

ग्रेग,गारार्द (२००७). *इकोक्रिटिसिजम. लन्डन* यान्ड न्युयोर्क : रोटलेज टेलर यान्ड फ्रान्सिस ग्रुप ।

त्रिपाठी, गीता (२०६८). करोडौं सूर्यहरूको अन्धकारमा पर्यावरणीय चेतना. *भृकुटी.* पूर्णाङ्क १४; पृ. ७०-८० ।

– – – (२०७०). सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तर्सम्बन्ध, *भृकुटी.* भाग १९, सांस्कृतिक अध्ययन विशेषाङ्क, पृ. ९२-१०२ ।

थापा, वासुदेव. (सन् २००९). "समकालीन भारतीय नेपाली कथामा उत्तरऔपनिवेशिक चेतना.... *नेपाली अकादमी जर्नल.* अङ्क (५), पृ. १४-२६ ।

पी.एस. इन्दु. (सन् २०१२).समकालीन हिन्दी उपन्यासों में पारिस्थितिक सजगताका अध्ययन. अप्रकाशित शोधग्रन्थ, कोचिन विश्वविद्यालय, विज्ञान तथा प्रविधि, हिन्दी विभाग, कोचिन ।

भरुचा, इराक. (सन् २००६). *पर्यावरण अध्ययन.* नयाँ दिल्लीः ओरियंट ब्लैकस्वान प्राइवेट लिमिटेड ।

भट्टराई, गोविन्दराज. (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : मोडर्न बुक्स ।

भट्टराई, रमेशप्रसाद. (२०७०). *समय सौन्दर्य, पर्यावरण र कविता.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

रिग्बी, क्याट(२००७). *इकोक्रिटिसिजम इन्ट्रोड्युसिङ क्रिटिसिजम एट द ट्वेन्टी फ्रस्ट सेन्च्युरी.* एडिनबरा : एडिनबरा युनिभर्सिटी प्रेस ।

रिचार्ड,केरिज (२००६). इन्भाइरोमेन्टालिजम् यान्ड इकोकिटिसिजम. *लिटररी थियोरी यान्ड क्रिटिसिजम* (सं. पेट्रिसिया वाग). अक्सफोर्डः अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

लाउरेन्स, कौप (सन् २०००). *द ग्रिन स्टडिज रिडर : फ्रम रोमान्टिसिजम टु इकोक्रिटिसिजम.* लन्डन एन्ड न्युयोर्क : रोटलेज टेलर यान्ड फ्रान्सिस ग्रुप ।

वानजा, के. (सन् २०११). *साहित्यका पारिस्थितिक दर्शन.* नयाँ दिल्लीः वाणी प्रकाशन ।

सरुभक्त सम्पा.(२०५३). *संरक्षण कविता यात्रा.* पोखरा : श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ।

सुब्बा, देवचन्द्र. (२००९). परिवेश विमर्शका दृष्टिले तरुण तपसी नव्यकाव्यको पठन, *नेपाली अकादमी जर्नल.* अङ्क (५), पृ. १४-९६ ।

सुवेदी, राजेन्द्र तथा गौतम, लक्ष्मण (सम्पा). (२०६८). *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). काठमाडौँ : रत्न पुस्तक भण्डार ।